NepalMonitor.org
NEPAL MONITOR
human rights. security. nepal

SAFERWORLD
PREVENTING VIOLENT CONFLICT. BUILDING SAFER LIVES

# १७ औं EWER त्रैमासिक प्रतिवेदन

## अप्रिल – जुन, २०१९

## पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी/पूर्वसूचना दिने कोशिस गरेको छ। नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका ७ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो। **२०१९ को अप्रिलदेखि जुन महिना**सम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन्। सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो। यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ।

## सारांश

- **बिगतको प्रतिवेदनमा झैं यस त्रैमासिक अवधिमा पनि देशको सात प्रदेशमध्ये अधिकांश प्रदेशमा कर्मचारीको अभाव रहेको पाईयो। कर्मचारीको अभावले एकातिर सेवाग्राहीहरु छिटो छरितो सेवा पाउनबाट बन्चित हुनुका साथै बढी समय खर्चिनु परेको र आर्थिक भार समेत बढन गई सर्वसाधारणले सास्ती व्यहोर्नु परेको पाईयो भने अर्कोतिर सिमीत कर्मचारीमै बढी कार्यभार थोपरिदा दैनिक काममा समेत असर परेको कर्मचारीहरुको गुनासो रह्यो। प्रदेश नं. ३ मा भने प्रदेश सरकारले स्वयंसेवकहरु परिचालन गरि कर्मचारी अभावको बैकल्पीक व्यवस्थापन गरेको पाईयो।**
- **नुवाकोट जिल्लास्थित बिदुर नगरपालिकामा मुआव्जाको बिबादमा सडक बिकासको काममा खटिएका कर्मचारीहरुमाथि नै कुटपिट हुन थालेपछि असुरक्षा भएको जनाउँदै कर्मचारी र कामदारहरु स्थानीय प्रशासनसंग सुरक्षाको माँग गर्न पुगे।**
- **बिकासमा बिकेन्द्रीत गर्ने भनिए पनि गण्डकी प्रदेशमा स्थानीय, प्रदेश र संघीय यी तीन तहका सरकारहरुवीच समन्वयको अभावले बिकास निर्माण समेत प्रभावित हुने गरेको पाईयो। समन्वय र तालमेलकै अभावले कतिपय ठाउँमा बिकासको नाममा तीनै तहका सरकारले बिभिन्न योजना खर्चिने र कतिपय ठाउँमा योजनानै नपुग्ने अवस्था समेत रह्यो।**
- **संघीय संरचना अनुसार स्थानीय तहमा अधिकार प्रत्यायोजन भई प्रभावकारी सेवा प्रवाह गरिने भनिएता पनि कतिपय ठाउँमा अझसम्म भवन, पूर्वाधार र आवश्यक साधन श्रोतको व्यवस्थापन हुन नसक्दा सेवा प्रदायक निकायनै अन्योलता देखिएको छ।**
- **कर्णाली प्रदेशमा यस अवधिमा पनि स्वास्थ्य केन्द्रहरुमा दक्ष चिकीत्सक र पर्याप्त औषधीको अभावका कारण स्थानीय नागरिकहरु स्वास्थ्य लाभबाट बन्चित भए। कतिपय स्वास्थ्य केन्द्रहरुमा प्रसुति गृह, चिकीत्सक र औषधीको अभाव रहेको पाईयो। सुत्केरी गराउन महिलालाई हेलिकोप्टरबाटै उद्धार गराउनु पर्दा आर्थिक भार बढन गई दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा जटिल र खर्चिलो भएको स्थानीयले गुनासो गरे।**
- **बिगतमा झैं यस अवधिमा पनि स्थानीय तह लगायत बिकासे कार्यालयहरुमा तिव्र भ्रष्टाचार भएको घटनाहरु सार्वजनिक भए। अख्तियार दूरुपयोग अनुसन्धान आयोगको कार्यालयले कतिपय कार्यालयहरुमा भ्रष्टाचारको आरोपमा रंगेहात गिरफ्तार गरि कार्वाही चलाएको पाईयो। बिगतमा झैं यस अवधिमा पनि सवैभन्दा बढी भ्रष्टाचारको गतिबिधि स्थानीय तहमै देखिन आयो। भ्रष्टाचार र आर्थिक अनियमितता सम्बन्धी देशभरीमै सर्वाधिक उजुरी प्रदेश २ मा परेको अख्तियारद्वारा सार्वजनिक प्रतिवेदनमा उल्लेख भएको पाईयो।**
- **बिगत प्रतिवेदनहरुमा झैं यस अवधिमा पनि हत्या, अपहरण, फिरौती जस्ता जघन्य अपराधका घटनाहरु भए। अपराधिक घटनाहरुमा भईरहेको बढोत्तरीले नागरिकहरुमा भय र त्रास व्याप्त देखिएको पाईयो।**
- **बिगतमा झैं यस अवधिमा पनि लैंगिकतामा आधारिक हिंसाका घटनाहरु भए। यस्ता घटनामा महिलाहरु बढी पीडित भएको पाईयो। बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु यस अवधिमा भए। बलात्कारका घटनामा नावालिका उमेर समूहका नै बढी पीडित भएको देखियो।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ।)*

- नेत्रविक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ता र प्रहरीवीच यस अवधिमा पनि केही ठाउँमा दोहोरो झडपका घटनाहरु भए । सर्लाहीको लालबन्दीस्थित सिन्धुली जाने बाटोमा प्रहरीको गोली लागी विप्लवका सर्लाही जिल्ला इन्चार्जको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो । यस अवधिमा बिप्लवका कार्यकर्ताहरुबाट पनि ठाउँ ठाउँमा बिष्फोटका घटनाहरु भए भने प्रहरीले उक्त संगठनका कार्यकर्ताहरुको गिरफ्तारीलाई तिब्रता दिएको पाईयो ।
- बिगतमा झैं यस अवधिमा पनि बिकास निर्माणका ठूला ठूला आयोजनाहरु निर्माण व्यावसायीले ठेक्का लिएर समयमा सम्पन्न नगर्दा एकातिर त्यस्ता योजनाहरु नै अलपत्र हुने गरेको र अर्कोतिर स्थानीय बासिन्दा सेवाबाट समेत बन्चित भएको पाईयो । यधपी समयमै काम नसक्ने त्यस्ता निर्माण व्यावसायीमाथि सरकारबाट सशक्त कार्वाही हुन सकेन ।
- कतिपय स्थानीय तहहरुमा यो अवधि आर्थिक वर्षको अन्तिम चौमासिक भएकोले सिमीत कर्मचारी र पदाधिकारीबाट मनपर्दी खर्च गरिनुका साथै खर्चमा अपारदर्शिता भएको र कार्यपालिकाको निर्णयलाई समेत वेवास्था गरिएको जनाउँदै पालिकाका मेयर, उपमेयर र वडाध्यक्षहरुवीच मतभेद बढेको र केही ठाउँमा झडप समेत भएको पाईयो ।
- प्रदेश नं. ३ मा सुकुम्वासीको नाममा जंगल वरपरको ऐलानी प्रति जग्गाहरुमा मानववस्ती बढेसंगै यस अवधिमा पनि चुरे जंगलको फडानी रोकिन नसक्दा जंगल अतिक्रमण हुनुका साथै चुरे क्षेत्र बिनासको क्रम बढदो रुपमा रहेको पाईयो ।
- प्रदेश नं. ३ को बिदुर नगरपालिकामा पानीको श्रोतमा दुईपक्षवीच बिबाद हुँदा भूईमा बिछयाईएका पाएप नै एकपक्षले काटेर क्षति पुर्‍याए । सो बिबादले खानेपानी योजना नै अलपत्र भई स्थानीय बासिन्दा पिउने पानीबाट बन्चित हुनु परेको पाईयो । कर्णाली प्रदेशमा यस अवधिमा पनि खानेपानीको समस्या भएको पाईयो ।
- गण्डकी प्रदेश अन्तर्गत फेवाताल किनारको अतिक्रमित क्षेत्र खाली गराउन सर्वोच्च अदालतले दिएको समयावधि बित्दा समेत अदालतको निर्णय कार्यान्वयन हुन सकेन । सर्वोच्च अदालतको आदेश अनुसार ०७६ साउन २ गतेभित्र फेवाकिनारको ६५ मिटर भित्रका सबै अवैध र अतिक्रमण गरेर बनाईएका संरचना हटाईनुपर्नेमा स्थानीय प्रशासनको वेवास्ताका कारण कार्यान्वयन हुन नसकेको स्थानीयको गुनासो रह्यो ।
- प्रदेश नं. १ का पूर्वी पाहाडि जिल्लाहरुमा फौजदारी अपराधका घटनाहरुमा बृद्धि हुन थालेको जिल्ला तथा उच्च सरकारी वकीलको कार्यालयको तथ्यांकले देखाएको छ । प्रहरी र अदालतमा आउने घटनाहरुमध्ये पनि जवर्जस्ती करणीका मुद्दाहरु बढी देखिएको तथ्यांकमा उल्लेख छ ।
- गण्डकी प्रदेशमा यस अवधिमा इन्सेकले सार्वजनिक गरेको मानवअधिकार अवस्थाको ६ महिने तथ्यांक अनुसार मानवअधिकारको अवस्था सरल हुनुको साटो अझ जटिल हुँदै गएको छ ।
- यस त्रैमासिक अवधिमा नेपालमा जलबायु मनसुनमा आएको परिवर्तनसंगै प्रदेश नं. १ को पूर्वी पाहाडि भूभागहरु र गण्डकी प्रदेशका कतिपय स्थानहरुमा बाढी र पहिरोबाट प्रभावित भएको पाईयो । बाढी र पहिरोका कारण यस अवधिमा मात्रै दर्जनौको ज्यान गयो भने हजारौको संख्यामा बिस्थापन भए । कतिपय पालिकाका वस्तीहरु अझै पनि बाढी र पहिरोको जोखिमले अतिसंकटासन्न अवस्थामा रहेका छन् ।
- प्रदेश नं. २ मा यस अवधिमा हावा हुरीबाट मानवीय क्षतिका साथै माटो र परालका घरहरु भत्किदा कतिपय परिवारहरु घरवारविहीन भए । रौतहट र सर्लाहीमा हावा हुरीले घर भत्किदा व्यक्तिको ज्यान समेत गएको पाईयो । मृतक परिवार र घरबारविहीन भएकाहरुले सरकारवाट उचित राहत र क्षतिपूर्ति पाउन नसकेको उनीहरुले गुनासो गरे । बारा र पर्सामा गतवर्ष हावाहुरीबाट घरबारविहीन भई बिस्थापनमा परेका पीडितहरुले निर्माण हुने घरमा कटौती गरिएको जनाउँदै संकलित नामहरु नहटाईन माँग राखी स्थानीय प्रशासनमा धर्ना दिए ।
- महाभूकम्पको चार वर्ष बितिसक्दा पनि नुवाकोटमा भत्किएका स्वास्थ्य संस्थाको भवन अझै पुरा हुन सकेको छैन । स्वास्थ्य संस्थाको भवन निर्माणमा भएको ढिलाईले स्थानीयले पाउने प्रभावकारी स्वास्थ्य सेवामा समेत असर परिरहेको स्वास्थ्यकर्मीहरुको गुनासो रह्यो । उक्त जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद औषधालय गरी ४२ वटा संरचनाहरु निर्माणाधीन अवस्थामा रहेको पाईयो ।
- भूकम्पपछिको पहिरोको जोखिममा रहेका रसुवाका भूकम्प पीडित अझै पुर्नस्थापित हुन सकेका छैनन् । जिल्लाका करिव ७० स्थानहरुबाट बिस्थापित भएका पीडितहरु पुर्नवासका लागि उचित व्यवस्थापन हुन नसक्दा पुर्ख्यौली गाउँ छाडेर छिमेकको जिल्ला स्थानहरुमा कष्टकर रुपमा जीवनयापन गर्न बाध्य छन् ।
- कर्णाली प्रदेशमा भने यस समीक्षा अवधिमा भारी हिमपातका कारण जनजीवन कष्टकर भएको पाईयो । हिमपात र असिनाले तरकारी र फलफूल नष्ट भएपछि स्थानीय मारमा परेका हुन् । बाढी र पहिरो जस्ता प्राकृतिक बिपद्मा परेका पीडित परिवारहरुको लागि भने प्रदेश सरकारले यस वर्ष राहत बजेट बिनियोजना गरेको पाईयो ।

## १- प्रशासन सम्बन्धी घटना / तनाव

**बिगतको प्रतिवेदनमा झैं यस त्रैमासिक अवधिमा पनि देशको सात प्रदेशमध्ये अधिकांश प्रदेशमा कर्मचारीको अभाव रहेको पाईयो । कर्मचारीको अभावले एकातिर सेवाग्राहीहरु छिटो छरितो सेवा पाउनबाट बन्चित हुनुका साथै बढी समय खर्चिनु परेको र आर्थिक भार समेत बढन गई सर्वसाधारणले सास्ती व्यहोर्नु परेको पाईयो भने अर्कोतिर सिमीत कर्मचारीमै बढी कार्यभार थोपरिदा दैनिक काममा समेत असर परेको कर्मचारीहरुको गुनासो रह्यो । प्रदेश नं. ३ मा भने प्रदेश सरकारले स्वयंसेवकहरु परिचालन गरि कर्मचारी अभावको बैकल्पीक व्यवस्थापन गरेको पाईयो ।**

संखुवासभाको खाँदबारीस्थित भोटखोला गाउँपालिकामा कर्मचारी अभावका कारण दैनिक कार्य संचालन नै निकै समस्या हुने गरेको स्थानीय जनप्रतिनिधिहरुको गुनासो छ । सो पालिकाको पाँचवटा वडामा एकजनामात्र वडा सचिवले दैनिक कार्य संचालन गर्दै आएका छन् । पाँचवटै वडामा कुल ६ हजार ५ सय ७६ जनसंख्या रहेको छ । भौगोलिक बिकटताका बाबजुद आफू एक जना कर्मचारीले पाँचवटा वडाको काम हेर्नुपर्दा निकै कठिनाई सहनु परेको सचिव दावा लामाको भनाई छ ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

त्यसैगरि भोजपुरस्थित जिल्ला प्रशासन कार्यालयमा दरबन्दी अनुसारका कर्मचारी नहुँदा बाँकी कर्मचारीलाई भार परेको छ । २३ जनाको दरबन्दी रहेको जिल्ला प्रशासनमा अहिले तीन जना अधिकृत, दुई जना नायव सुब्बा, दुई जना खरिदार र एक जना कम्प्युटर अपरेटर गरि ६ जना कर्मचारीहरुले मात्र रहेका छन् । कर्मचारीको कमीले नागरिकता र राहदानी बनाउन आउने दैनिक करिव ४० जनाको हाराहारीमा सेवाग्राहीले बढी समस्या झेल्नु परिरहेको छ । दुई दिन पैदल धाएर राहदानी बनाउन पुगेका उत्तरी साल्पासिलिछो गाउँपालिका ४ खाटम्माका प्रसान राईले पालो कुर्दै दिन गएको गुनासो गरे । उनले भौगोलिक बिकटताले सदरमुकाम सम्म आउन नै कष्टकर हुने र सजिलै काम नहुँदा होटलमा महङ्गो पैसा तिरेर बस्नुपर्ने बाध्यता रहेको बताए । कर्मचारीको अभावले सेवाग्राहीलाई सहज सेवा दिन नसकिरहेको स्वीकार्दै भएका सिमीत कर्मचारीहरुलाई पनि बढी कार्यभार परेकोले दोहोरो मारमा परेको कार्यालयका नायब सुब्बा मखखन श्रेष्ठले बताए ।

भोजपुरकै आमचोक गाउँपालिकाका ९ वटा वडाहरुमध्ये अधिकांश वडाहरुमा बिगत केही महिनादेखि वडासचिव विहीन हुन थालेको छ । वडा सचिवको अभावले कतिपय वडामा स्वास्थ्य क्षेत्रमा कार्यरत अहेबले सचिवको समेत जिम्मेवारी सम्हाल्दै आएका छन् । कर्मचारीको अभावले सचिवको व्यवस्था नभएसम्मका लागि बिकल्पमा स्वास्थ्यकर्मीलाई जिम्मावारी दिनुपरेको सो गाउँपालिकाका अध्यक्ष अशोक राईले बताए ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

कर्णाली प्रदेशमा कर्मचारी अभावका कारण अधिकांश स्थानीय तहमा सेवाग्राहीहरु प्रभावकारी सेवाबाट बंचित छन् । प्रदेश र स्थानीय सरकारले कर्मचारी अभाव हुँदा जनअपेक्षा अनुरुपको काम गर्न नसकिएको बताउँदै आएका छन् । यस अवधिमा सल्यानको वनगाड, कुपिण्डे नगरपालिकास्थित पशु सेवा शाखामा समेत कर्मचारी अभाव देखिएको छ । कर्मचारी समायोजनको काम पूरा हुन नपाउँदा कार्यरत कर्मचारीहरु समेत अन्यौलमा परेका छन् । कर्मचारी व्यवस्थापन हुन नसक्दा रुकुम पश्चिमको विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुले बिगत ६ महिनादेखि तलव खान नपाएका ०७६ बैशाख १८ गते प्रकाशित कान्तिपुर दैनिकम उल्लेख छ ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

प्रदेश ३ अन्तर्गतका जिल्लाहरूमा रहेको कर्मचारी अभाव हटाउन प्रदेश सरकारले स्वयंसेवक परिचालन गरेको छ। प्रदेश ३ अन्तर्गत सामाजिक विकास मन्त्रालयले १३ वटा जिल्लामा आवश्यकता अनुसार विभिन्न ११ वटा क्षेत्रका एक सय १५ जनालाई प्रदेश विकास स्वयंसेवकको रूपमा खटाएको हो। जिल्ला समन्वय समिति र स्थानीय तहसँग समन्वय गरेर काम गर्ने गरी प्रदेश सरकारले विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका युवालाई स्वयंसेवकको रूपमा कार्यक्षेत्रमा पठाएको हो। सामाजिक विकास मन्त्रालयले हेल्थ असिस्टेन्ट, फार्मेसी सहायक, बायोमेडिकल टेक्निसियन, मावि शिक्षक, नर्स, अनमी, खेलकुद प्रशिक्षक तथा प्रास र नाप्रास कृषि तथा पशु, बाल विवाहमुक्त प्रदेश अभियान सहजकर्ता तथा सहयोगापेक्षी सडक मानवमुक्त अभियान सहजकर्ताहरूलाई सोमबारबाट कार्यक्षेत्रमा पठाएको हो ०७६ जेठ ७ गते प्रकाशित कान्पिुर दैनिकमा उल्लेख छ ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

**नुवाकोट जिल्लास्थित बिदुर नगरपालिकामा मुआव्जाको बिबादमा सडक बिकासको काममा खटिएका कर्मचारीहरुमाथि नै कुटपिट हुन थालेपछि असुरक्षा भएको जनाउँदै कर्मचारी र कामदारहरु स्थानीय प्रशासनसंग सुरक्षाको माँग गर्न पुगे ।**

नुवाकोटको बिदुर नगरपालिकामा मुआब्जाको विषयलाई लिएर गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजनाका कर्मचारीमाथि दुर्व्यवहार हुने क्रम बढेपछि सुरक्षाको माँग गर्दै कर्मचारी स्थानीय प्रशासन गुहार्न पुगेका छन्। विदुर नगरपालिका-९ बागटारस्थित कोलनीका स्थानीय प्रकाश अधिकारीले कर्मचारीमाथि हात हालाहाल गरेको र असुरक्षाका कारण काम गर्ने बातावरण नभएको जनाउँदै आयोजनाका कर्मचारीहरुले प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेललाई लिखित उजुरी दिएका छन्। गल्छीदेखि देवीघाटसम्मको साढे ५ सय स्थानीयको जग्गाको मुआब्जा दिइसकेको आयोजनाले जनाएको छ। लिखित रूपमा निवेदन आएपछि प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले कर्मचारीमाथि दुर्व्यवहार र गालीगलौज गर्नेलाई कारबाही गरिने बताएको ०७६ असार १० गते प्रकाशित कान्तिपुरमा उल्लेख छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

**बिकासमा बिकेन्द्रीत गर्ने भनिए पनि गण्डकी प्रदेशमा स्थानीय, प्रदेश र संघीय यी तीन तहका सरकारहरुवीच समन्वयको अभावले बिकास निर्माण समेत प्रभावित हुने गरेको पाईयो । समन्वय र तालमेलकै अभावले कतिपय ठाउँमा बिकासको नाममा तीनै तहका सरकारले बिभिन्न योजना खर्चिने र कतिपय ठाउँमा योजनानै नपुग्ने अवस्था समेत रह्यो ।**

स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय नहुँदा विकास निर्माण समेत प्रभावित हुन थालेको छ । एउटै योजनामा तीनै सरकारले लगानी गर्दा कार्यान्वयनमा जटिलता देखिएको हो । सर्वसाधारणले भने सेवामा सहजता महसुस गर्न सकेका छैनन् । स्थानीय सरकारले धेरै योजनाको कार्यान्वयन थाले पनि प्रदेश र संघ अन्योलमा छन् ।

योजना छनोटमा एकरूपता र विकासमा सहकार्य नभएको आरोप एक-आपसमा छ । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री पद्मा अर्यालले तीन सरकार तीनतिर हुँदा काम गर्न गाह्रो भएको बताईन् । स्थानीय सरकारमा अहमति बढी भएकाले समन्वय गर्न नखोज्ने आरोप उनले लगाईन् । 'विकास निर्माणको लागी अनगिन्ती बजेट विनियोजन गरका छौं,' मन्त्री अर्याल भन्छिन्, 'काम गर्न सजिलो हुने र जनतासँग प्रत्यक्ष ठोकिने भनेको स्थानीय सरकार हो, त्यसैले पनि स्थानीय तहलाई प्राथमिकतामा राख्दै बढी बजेट दिएका हुन्छौ । तर, उनीहरूले हामीसँग समन्वय गर्दैनन् ।' केन्द्रबाट बजेट परदे निर्माण थालिएका योजना समेत स्थानीय तहले सहकार्य नगरिदिएको बताउँदै उनले संघ, प्रदेश र स्थानीय सरकार आफूखुशी चल्न खोज्दा योजना प्रभावित बनेको बताईन् । समन्वयको अभावमा जिल्लाका अधिकांश योजना प्रभावित भएको उनको भनाई रहेको ०७६ वैशाख २५ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

**संघीय संरचना अनुसार स्थानीय तहमा अधिकार प्रत्यायोजन भई प्रभावकारी सेवा प्रवाह गरिने भनिएता पनि कतिपय ठाउँमा अझसम्म भवन, पूर्वाधार र आवश्यक साधन श्रोतको व्यवस्थापन हुन नसक्दा सेवा प्रदायक निकायनै अन्योलता देखिएको छ ।**

संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न कार्यालय तथा संरचना निर्माण हुन नसक्दा सेवाग्राही मारमा परेका छन् । संघीयता कार्यान्वयनका लागि भन्दै मुगु जिल्लाबाट जुम्लामा सारिएका कृषि, खानेपानी, प्राविधिक र पशु सेवा जस्ता विभिन्न कार्यालय जिल्लामा फर्काउन पहल शुरु भएको छ (अप्रिल ५ को कान्तिपुर दैनिक) । संघीय व्यवस्थामा स्थानीय तहबाट दिनुपर्ने सेवा लिन झनै टाढा जानुपर्ने भएपछि स्थानीय आन्दोलित भएका हुन् ।

(१७ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**कर्णाली प्रदेशमा यस अवधिमा पनि स्वास्थ्य केन्द्रहरुमा दक्ष चिकीत्सक र पर्याप्त औषधीको अभावका कारण स्थानीय नागरिकहरु स्वास्थ्य लाभबाट बन्चित भए । कतिपय स्वास्थ्य केन्द्रहरुमा प्रसुति गृह, चिकीत्सक र औषधीको अभाव रहेको पाईयो । सुत्केरी गराउन महिलालाई हेलिकोप्टरबाटै उद्धार गराउनु पर्दा आर्थिक भार बढन गई दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा जटिल र खर्चिलो भएको स्थानीयले गुनासो गरे ।**

प्रदेशका विभिन्न स्वस्थ्य कार्यालय तथा प्राथमिक स्वास्थ्य केन्द्रमा औषधीको अभाव देखिएको छ । यस अवधीमा सल्यानको कालिमाटी गाउँपालिकाको रामपुर प्रसुति केन्द्रमा सामग्री अभाव देखिएको छ ०७६ बैशाख १८ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ । स्थानीय सरकारले समेत यसमा ध्यान दिन नसक्नु चरम लापरवाही हो । स्थानीय तहमा रहेका स्वास्थ्य केन्द्रमा दक्ष स्वास्थ्यकर्मीहरुको अभाव हुँदा सेवाग्राहीले उचित सेवा पाउन सकेका छैनन् । कालिकोटको सान्नीत्रिवेणी ५ की १७ बर्षीया सुस्मिता शाहीलाई हेलिकोप्टरबाट उद्धार गरी सुत्केरी गराउन सुर्खेत लगिएको स्थानीय प्रशासनले जनाएको छ ।

यता सुर्खेतस्थित कर्णाली प्रदेश अस्पतालमा समायोजनका कारण डाक्टरहरुको अभाव देखिएको छ । हाल ३० जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेको उक्त अस्पतालमा कार्यरत ११ जनामध्ये ९ जनाले संघ रोजेपछि अस्पताल विशेषज्ञविहीन बनेको छ । उपलब्ध सिमित डाक्टरहरुले धेरैभन्दा धेरै बिरामी हेर्नुपर्दा समेत सेवाग्राहीको स्वास्थ्यमा असर पर्ने देखिन्छ । समायोजनका नाममा भएको कर्मचारी सरुवाका कारण सल्यान जिल्लाका विभिन्न योजना अलपत्र परेका छन् ।

(१७ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

**बिगतमा झैं यस अवधिमा पनि स्थानीय तह लगायत बिकासे कार्यालयहरुमा तिव्र भ्रष्टाचार भएको घटनाहरु सार्वजनिक भए । अख्तियार दूरुपयोग अनुसन्धान आयोगको कार्यालयले कतिपय कार्यालयहरुमा भ्रष्टाचारको आरोपमा रंगोहात गिरफ्तार गरि कार्वाही चलाएको पाईयो । बिगतमा झैं यस अवधिमा पनि सवैभन्दा बढी भ्रष्टाचारको गतिबिधि स्थानीय तहमै देखिन आयो । भ्रष्टाचार र आर्थिक अनियमितता सम्बन्धी देशभरीमै सर्वाधिक उजुरी प्रदेश २ मा परेको अख्तियारद्वारा सार्वजनिक प्रतिवेदनमा उल्लेख भएको पाईयो ।**

महोत्तरीको रामगोपालपुर इलाका प्रशासन कार्यालयका कम्प्युटर अपरेटरलाई ०७६ वैशाख २४ गते ४ हजार घुस सहित पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले जनाएको छ । कम्प्युटर अप्रेटर अशोक कुमार सिंहलाई सेवाग्राहीबाट नागरिकताको लागि घुस रकम लिदै गरेको अवस्थामा पक्राउ गरेको जनाएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रदेश २ को कार्यालय बर्दिवासले सिंहलाई अख्तियारले नियन्त्रणमा लिई अनुसन्धान अगाडि बढाएको बताईएको छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सिरहास्थित पूर्वाधार डिभिजन कार्यालयका प्रमुख इन्जिनियर राजकुमार गोईत सरकारी छाप किर्ते गरेको आरोपमा ०७६ बैशाख १४ गते पक्राउ परेका छन् । प्रहरीले उनलाई निवासबाटै पक्राउ गरेको हो । सप्तरीबाट पक्राउ पूर्जी आएको आधारमा नियन्त्रणमा लिएको सिरहाका एसपी जीवन कुमार श्रेष्ठले जनाए । सप्तरी जिल्लाको अग्नीसाइर कृष्णासवरण गाउपालिकामा नागरिकता र अन्य कागजात किर्ते गरी उपभोक्ता समिति गठन गरिएको उनीमाथि आरोप रहेको छ छ भने सो प्रकरणमा राजपाका केन्द्रिय सदस्यद्वय वीपी यादव र हरिनारायण मण्डल समेत पक्राउ परिसकेका छन् ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

सिन्धुपाल्चोक जिल्लास्थित लिसंखुपाखर गाउँपालिका-६, पेटुका वडाध्यक्ष कैलाश थापाले खानेपानी योजनाको नाममा किर्ते कागजात बनाएर गाउँपालिकाबाट ६ लाख भुक्तानी लिएको सार्वजनिक भएको छ। उपभोक्ता समितिको अध्यक्ष पनि आफैं बनेर उनले गाउँका ४५ परिवारका लागि खानेपानी ट्यांकी बनाएको र धारा जडान गरेको योजना देखाएर २०७४ मंसिर १९ गते भुक्तानी लिएका हुन्। स्थानीय प्रेमकुमार तामाङका अनुसार गाउँपालिकाबाट योजनाको सूचना नपाए पनि सूचनाको हक प्रयोग गरेर जिल्ला सूचना अधिकारीमार्फत पाएको डकुमेन्टको आधारमा योजना सम्पन्न भएको डेढ वर्षपछि घटनाको रहस्य खुलेको हो। फर्जी बिलमा ललितपुरको न्यु कनेक्सन मार्केटिङबाट खानेपानी योजनाको नाममा ३ लाख ७१ हजार ५ सयमा पाइप खरिद गरिएको देखाइएको छ। विवरणमा ३ लाख ३८ हजार एक सय श्रमिकको पारिश्रमिक र विभिन्न व्यक्तिको एक्जाभेटर प्रयोग गरेको देखाइएको छ। हुँदै नभएको योजनाको लागि २०७४-२०७५ मा ६ लाखको इस्टीमेट गरिएको रेकर्डले देखाएको छ। २०७४ कात्तिक १ देखि १० गतेसम्म १८ कामदारले योजनाको काम गरेको र एक्जाभेटर प्रयोग भएको देखाइएको छ। माइन्युट, भर्पाइ बिलदेखि सम्पूर्ण कागजात र हस्ताक्षर किर्ते तयार अनियमितता गरिएको ०७६ असार ३ गते प्रकाशित कान्तिपुरमा उल्लेखमा छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

प्रदेश नं. ४ अन्तर्गत नेकपाका जिल्ला नेता कृष्ण पाठकले बागलुङ नगरपालिकामा तालाबन्दी गरेका छन् । नगर पालिकाभित्र भ्रष्ट्राचार, लापरबाही, ढिलासुस्ती र अटेरी प्रवृत्ति मौलाएको भन्दै उनले ०७६ जेठ २ गते बिहान १० बजे नगर प्रमुख जनकराज पौडेल र प्रमुख प्रशासकीय अधिकृत भीमबहादुर कुँवरको कार्यकक्षमा ताला लगाएका हुन् । नगर प्रमुखले कार्यपालिका सदस्यले उठाएका बिषयलाई समेत बेवँस्तँ गरेको टिप्पणी भइरहेको थियो । 'बैठकमा के के भयो थाहा भएन, पार्टीको बैठकमा सोधिएका स्पष्टीकरणलाई समेत उहाँले कुल्चेकाले ताला लगाएर ध्यानाकर्षण गराएका हौं' पाठकले भने, 'पार्टीको टिकट पाएर मेयर भएकोले पार्टीले सुशासन र पारदर्शीताको बारेमा उठाएको जिज्ञासा समेत बेवास्ता गरियो।' पटकपटक उठेका जिज्ञासामा वेवास्ता गरेपछि मंगलवार जिल्ला तहका नेतृत्वले बैठकमा बोलाउँदा पनि पौडेल नगएको आरोप पाठकले लगाए ।

(१७ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

**बिगत प्रतिवेदनहरुमा झैं यस अवधिमा पनि हत्या, अपहरण, फिरौती जस्ता जघन्य अपराधका घटनाहरु भए । अपराधिक घटनाहरुमा भईरहेको बढोत्तरीले नागरिकहरुमा भय र त्रास व्याप्त देखिएको पाईयो ।**

वीरगञ्ज महानगरपालिका-३ प्रगति नगरबाट ०७६ जेठ १० गते अपहरित एक बालक चारदिनपछि मृत अवस्थामा भेटिएका छन् । उनको अपहरणपछि हत्या भएको प्रहरीले जनाएको छ । स्थानीय शम्भु साहका ८ वर्षीय छोरा करण साहको अपहरणपछि हत्या भएको हो । जिल्ला प्रहरी कार्यालय पर्साले अपहरणमा परेका बालकको शव कलैया उपमहानगरपालिका-

२५ को खौरहीस्थित खोलामा फेला परेको पुष्टि गरेको छ । अपहरण र हत्यामा संलग्न भएको आरोपमा विकास शर्मा, सिकिन्द्र साह र राम दिनेश महतो सहित तीन जनालाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । अपहरणकर्ताहरुले बालक अपहरणपछि ३० लाख रुपैया फिरौती रकम माँग गरेको उनका परिवारले बताए ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

सप्तरीको राजगढ गाउँपालिका-३ बाट अपहरित एक बालक सकुशल मुक्त भएका छन । १२ वर्षीय बालक लक्ष्मण यादवलाई अपहरणकारीले भारतको सितामढीअन्तर्गत सिवहर भन्ने ठाउँमा रहेको होटलमा लगी बेवारिसे छाडेको अवस्थामा उद्दार गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनायो । मामा भोलेन्द्र यादवको बिहेमा ०७६ बैशाख १३ गते जन्ती जाने क्रममा बालक अपहरणमा परेका थिए ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

१३ वर्षीया बालिकालाई अपरहण गरेको आरोपमा छिन्नमस्ता गाउँपालिका-७ का २३ वर्षीय विपीनकुमार मण्डललाई प्रहरीले ०७६ जेठ २१ गते गिरफ्तार गरेको छ । पीडितका अभिभावकले दिएको उजुरीका आधारमा अपहरण तथा शरीर बन्धक घटनाका आरोपित मण्डललाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । पीडित बालिकालाई जेठ १८ गते अरोपितले ललाइफकाई अपहरण गरी शरीर बन्धक बनाएको भन्दै पीडितका अभिभावकले जिल्ला प्रहरी कार्यालयमा जेठ २० गते उजुरी दिएका थिए ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

## २ - सामाजिक एकता/ तनाव

**बिगतमा झै यस अवधिमा पनि लैंगिकतामा आधारिक हिंसाका घटनाहरु भए । यस्ता घटनामा महिलाहरु बढी पीडित भएको पाईयो । बलात्कार, बलात्कारको प्रयास, यौनजन्य हिंसा र दुर्व्यवहार, घरेलु हिंसा, कुटपिट, बालविवाह लगायतका घटनाहरु यस अवधिमा भए । बलात्कारका घटनामा नावालिका उमेर समूहका नै बढी पीडित भएको देखियो ।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ ।)*

### बलात्कार

अपाङ्गता भएकी १६ वर्षीया बालिकालाई रोङ गाउँपालिका-२ का ६८ वर्षीय मकरध्वज लिम्बूले ०७६ जेठ १ गते बलत्कार गरेको आरोपमा ०७६ जेठ ६ गते प्रहरीले गिरफ्तार गरेको छ । प्रहरीमा उजुरी परेपछि आरोपितलाई अनुसन्धानका लागि गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर हेमराज ओलीले बताए । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ ३ गते गरिएको छ ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

एक १३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा पाँचथरको हिलिहाङ गाउँपालिकास्थित बिद्यालयका शिक्षक उपेन्द्र चौधरीले ०७५ चैत्र २० गते बलात्कार गरे । कक्षा ८ मा अध्ययनरत पीडित बालिकालाई परीक्षामा प्रथम बनाईदिने प्रलोभनमा पारी आरोपितले नावालकलाई ललाई फकाई बलात्कार गरेको पीडित परिवारले बताए । पीडित पक्षको उजुरीका आधारमा आरोपितलाई शिक्षकलाई गिरफ्तार गरि कार्वाही प्रकिया अघि बढाईएको जिल्ला प्रहरी कार्यालयले जनायो ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

२७ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले सुखिपुर नपा-१० का २५ वर्षीय दिलिपकुमार महतोलाई ०७६ वैशाख १५ गते गिरफ्तार गरेको छ । पीडित महिलालाई आरोपितले वैशाख १५ गते बलात्कार गरेको भन्दै पीडित परिवारले इलाका प्रहरी कार्यालय महेशपुर पतारमा सोही दिन उजुरी दिएका थिए । पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिरहामा वैशाख १५ गते गरिएको थियो । घटनाको जानकारी हुनासाथ आरोपितलाई गिरफ्तार गरी कारवाही प्रक्रिया अगाडि बढाएको इलाका प्रहरी कार्यालय महेशपुर पतारका इन्स्पेक्टर कृष्ण श्रेष्ठले बताए ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

३० वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा खड्ग नपा-१० का ४२ वर्षीय लाल मोहमद मियालाई ०७६ बैशाख १० गते प्रहरीले गिरफ्तार गरेको छ । आरोपितले स्थानीय फुलेश्वर ईंटाभट्टाको कम्पाउण्डभित्र कोही नभएको अवस्थामा बैशाख ६ गते पीडितलाई जबरजस्ती बलात्कार गरेको र पीडितको उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गरि कार्वाही प्रक्रिया अघि बढाईएको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनायो ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

७५ बर्षीया एक महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा बाराको निजगढ नपा-३ का ५० वर्षीय धनबहादुर बल तामाङलाई ०७६ बैशाख २ गते साँझ प्रहरीले गिरफ्तार गरेको छ । पीडितलाई बैशाख १ गते दिउँसो आफ्नै घरमा बसिरहेको अवस्थामा तामाङले जबरजस्ती करणी गरेको र पीडितको उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गरि कार्वाही प्रक्रिया अगाडि बढाईएको ईलाका प्रहरी कार्यालय निजगढले जनायो ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

### यौनजन्य हिंसा र दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले कालीकामाई गाउँपालिका-२ बीरन्चीवर्वाका ५० वर्षीय राजकुमार कायस्तलाई ०७५ चैत २६ गते गिरफ्तार गरेको छ । आरोपितलाई प्रहरीले बीरगञ्ज महानगरको छपकैयाबाट गिरफ्तार गरेको हो । पीडित बालिकालाई आरोपितले चैत २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा चैत २६ गते उजुरी दिएका थिए । पीडित बालिकाको स्वास्थ्य परीक्षण नारायणी उपक्षेत्रीय अस्पतालमा चैत २६ गते गरिएको प्रहरीले जनायो ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

### बोक्सीको आरोपमा अमानवीय व्यवहार

सुनसरीको इनरुवा नगरपालिका-१० स्थित पवन शर्मा खत्वेको घरमा छोराको विवाहमा सहभागी हुन पुगेकी ५० बर्षीय एक महिलाई खत्वेले ०७६ बैशाख १८ गते बोक्सीको आरोप लगाउदै कुटिपट गरे । कुटपिटपछि घाईते महिलालाई तत्कालै स्थानीय मेडिकलमा उपचार गरिएको थियो । कुटपिट भएकै दिन पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सुनसरीमा जाहेरी दिएको सुनसरी प्रहरी प्रमुख एसपी राजन अधिकारीले बताउनुभयो । आरोपित खत्वेलाई सोही दिन गिरफ्तार गरि जिल्ला अदालत सुनसरीमा पाँच दिनको म्याद थप गरि अनुसन्धान थालिएको प्रहरीले जनायो ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

मोरङको सुन्दरहरैंचा नगरपालिका-११ स्थित धातीमा बोक्सा र बोक्सीको आरोपमा ६० वर्षीय वृद्ध र उनकी श्रीमतीमाथि स्थानीय केही व्यक्तिले ०७६ बैशाख १३ गते कुटपिट र दुर्व्यवहार गरे । कुटपिटमा संलग्न भएको आरोपमा ६३ वर्षीय टुनका खवास, ३५ वर्षीय श्यामलाल खवास, ३१ वर्षीय रामकुमार खवास र ३० वर्षीय शशिकला खवासलाई गिरफ्तार गरि कार्वाही प्रक्रिया अगाडि बढाईएको प्रहरीले जनाएको छ । टुनामुना र बोक्सी मन्त्रले परिवारका सदस्यहरुलाई बिरामी बनाएको आरोपितहरुको भनाई थियो ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

### बालविवाह

बालविवाह यस प्रदेशको प्रमुख सामाजिक समस्या हो । बालविवाहसम्बन्धी धेरै कार्यक्रम अभियान तथा सुधारका उपायहरु अपनाइएतापनि यसले निरन्तरता पाएकै देखिन्छ । बालविवाह रोक्न कानुनी सुधार समेत गरिएको छ । यद्धपी उजुरी कम पर्ने कारणले गर्दा बालविवाहले प्रश्रय पाएको छ । बालविवाहको कारण पढाई अन्यौलमा पर्छ भने बहुविवाहको समस्या समेत निम्त्याउँछ । मुगुका ५० प्रतिशत किशोरीको १६/१७ बर्षमै विवाह हुने गरेको ०७६ बैशाख ९ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

## ३ - राजनीतिक तनाव/ परिचालन

**नेत्रविक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ता र प्रहरीवीच यस अवधिमा पनि केही ठाउँमा दोहोरो झडपका घटनाहरु भए । सर्लाहीको लालबन्दीस्थित सिन्धुली जाने बाटोमा प्रहरीको गोली लागी विप्लवका सर्लाही जिल्ला इन्चार्जको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो । यस अवधिमा बिप्लवका कार्यकर्ताहरुबाट पनि ठाउँ ठाउँमा बिष्फोटका घटनाहरु भए भने प्रहरीले उक्त संगठनका कार्यकर्ताहरुको गिरफ्तारीलाई तिव्रता दिएको पाईयो ।**

*गोली हत्या/ घाईते*

सर्लाहीको लालबन्दी नपा १ स्थित सिन्धुली जाने बाटोमा प्रहरीको गोली लागी बिप्लव नेतृत्वको नेकपाका एक जना कार्यकर्ताको ०७६ बैशाख ५ गते घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो । प्रहरीका अनुसार मृतक बिप्लव नेतृत्वका नेकपाका सर्लाही इन्चार्ज भएका र प्रहरीसंगको दोहोरो मुठभेडमा प्रहरीको गोली लागि मृत्यु भएको हो । घटनास्थलबाट मृतकले प्रयोग गरेको मोटरसाईकल र केही हतियारहरु समेत फेला परेको प्रहरीको भनाई छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)

भोजपुरको टेम्केमैयुम गाउँपालिका-२ स्थित छिनामखु नजिकको जंगलमा ०७६ जेठ ७ गते गोली लागि बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ता तिर्थराज घिमिरे घातेई भए । प्रहरीले दोहोरो भिडण्तको क्रममा प्रहरीमाथि आक्रमण भएपछि प्रहरीको जवाफी कार्वाहीमा षडानन्द नपा-२ निवासी घिमिरे घाईते भएको प्रहरीले जनायो ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

*गिरफ्तारी*

नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका मेची ब्युरो सदस्य सहित दुई कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा इलाम नगरपालिका-११ का जीतमान राई 'मौसम' र इलामकै कुशल पन्धाक छन् । मौसम मेची ब्युरो सदस्य रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । प्रहरीका अनुसार ०७६ चैत्र २९ गते राती झापाको बिर्तामोडबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता महेन्द्र कुमार श्रेष्ठले बताए ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

चन्दा उठाउन जाँने क्रममा नेत्रविक्रम चन्द 'विप्लव' समूहको जनपरिषद् प्रमुखसहित तीन जनालाई प्रहरीले हतियार र १४ राउण्ड गोली सहित ०७६ असार ८ गते राती पक्राउ गरेको छ । मोरङको बेलबारी नगरपालिका-४ स्कुलडाँडाबाट मोरङको सुन्दरहरैंचा नगरपालिका-१२ घर भएका ४० वर्षीय अशोक राई र कानेपोखरी गाउँपालिका-६ घर भएका ३४ वर्षीय सुदीप भनिने कंश धिमाल र उर्लाबारी नगरपालिका २ सालबारीका ४८ वर्षीय केन्द्रलाल धिमाललाई प्रहरीले पक्राउ गरिएको मोरङ प्रहरीका प्रमुख विश्व अधिकारीले बताए ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा सम्बद्ध विद्यार्थी सङ्गठनका जिल्ला संयोजक कलैया उपमहानपा-४ का २९ वर्षीय निरजकुमार साह र कोल्हवी नगर कमिटीका सदस्य ३१ वर्षीय काशिनाथ तिमल्सिनालाई ०७६ जेठ १९ गते प्रहरीले गिरफ्तार गरेको छ । उनीहरूलाई निजगढ नपा-८ स्थित बुद्ध चोकबाट गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय निजगढका प्रमुख इन्स्पेक्टर विक्रम लामाले बताए ।

(१७ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)

विप्लव समूहको गैरकानुनी कृयाकलाप नियन्त्रण गर्न सरकारले विभिन्न समयमा यस प्रदेशका विभिन्न जिल्लाबाट कार्यकर्ता पक्राउ गरेको छ । प्रहरीले यस अवधीमा सुर्खेत, रुकुम र कालिकोटका केही कार्यकर्ता पक्राउ गरी छोडेको प्रहरीले जनाएको छ । यसै अवधिमा विप्लवले आव्हान गरेको बन्दका कारण प्रदेशको जनजीवन समेत प्रभावित भएको छ ०७६ बैशाख १६ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

*बिष्फोट तथा बिष्फोटक पदार्थ बरामद*

धनुषा जिल्लाको धनुषाधाम नगरपालिकाको कार्यालयमा ०७६ जेठ २९ गते प्रेसर कुकर बम विस्फोट भएको छ । बिष्फोटबाट नगरपालिकाको भवनमा सामान्य क्षति भएको प्रहरीले जनायो । प्रहरी निरीक्षक हिरण यादवका अनुसार प्रेसर कुकर बम विस्फोट भएको र बिष्फोटबाट नगरपालिकको प्रयोग विहीन हलमा भ्वांग परेको प्रारम्भिक अनुसन्धानले देखाएको छ । उक्त बम बिष्फोट बिप्लव नेतृत्वको नेकपाका कार्यकर्ताहरुले गराएको हुन सक्ने आशंका रहेको र घटनाको अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

भद्रपुर नगरपालिका कार्यालय परिसरमा एक झोलामा ०७६ असार ९ गते रिमोट कन्ट्रोलसहितको प्रेसर कुकर बम फेला परेको प्रहरीले जनायो । शंकास्पद झोला मेयर र उपमेयरको कार्य कक्ष चढ्ने सिढीको तल राखिएको अवस्थामा चारआलीस्थित कालीबहादुर गणबाट खटिएको बम डिस्पोजल टोलीले उक्त बम निष्क्रिय पारेको थियो ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

उदयपुरका दुई मुख्य बजारमा ०७६ असार १० गते दुई ओटा बम फेला परेको छ । त्रियुगा नपा-१२ को आर्दशटोल र कटारी नपा-३ स्थित तिर्थ श्रेष्ठको घर अगाडि बम फेला परेको हो । दुवै ठाउँमा रहेका बमलाई नेपाली सेनाको डिस्पोजल टोलीले

बम निस्क्रिय पारेको थियो । विप्लव नेतृत्वको नेकपाले आह्वान गरेको नेपाल बन्दको क्रममा बम राखेको हुन सक्ने आशंका रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनायो ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

प्रदेश नं. ३ अन्तर्गत विदुर नगरपालिका मेयर सन्जु पण्डितको घरको कम्पाउण्ड राखेको बम ०७६ असार ९ गते सेनाद्वारा निष्क्रिय पारिएको छ । विदुर-९ कोलनी विजुलास्थित मेयर पण्डितको घरको कम्पाउण्ड पर्खालमा प्रेसर कुकर बम राखिएको थियो । "सुतिरहेका थियौं, प्रहरीले आएर बम राखेको बताएपछि थाहा पाइयो," मेयर पण्डितले भने । सो दिन राति १२ बजे कम्पाउण्ड पर्खालमा पड्काउन बम राखेको र ७० मिटर टाढा बिजुलीको मेन लाइनमा तार जोड्न तयारी भएको अवस्थामा प्रहरीले देखेपछि एक व्यक्ति भागेका र बम पड्किन नपाएको जिल्ला प्रहरी प्रमुख एसपी कृष्णबहादुर पल्लीमगरले बताए । उक्त बम नेपाली सेनाको जबरजंग गणको डिस्पोजल टोलीले असार १० बिहान डिस्पोज गरेका थिए ।

(१७ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ३)

## ४ - श्रोत साधनमाथिको द्वन्द्व

**बिगतमा झै यस अवधिमा पनि बिकास निर्माणका ठूला ठूला आयोजनाहरु निर्माण व्यावसायीले ठेक्का लिएर समयमा सम्पन्न नगर्दा एकातिर त्यस्ता योजनाहरु नै अलपत्र हुने गरेको र अर्कोतिर स्थानीय बासिन्दा सेवाबाट समेत बन्चित भएको पाईयो । यधपी समयमै काम नसक्ने त्यस्ता निर्माण व्यावसायीमाथि सरकारबाट सशक्त कार्वाही हुन सकेन ।**

मोरङको केराबारी जोड्ने धरान उपमहानपा-५ स्थित अधेरी खोलामा पुल निर्माण शुरु भएको एक बर्ष वित्दा समेत ३० प्रतिशत पनि काम भएको छैन् । एच एम विल्डर्स कम्पनीका ठेकेदार हसमुल मिँयाले ठेक्का पाएको पुलका लागि शुरुमा १८ लाख बजेट आए पनि हाल बजेट नआउदा काम अलपत्र परेको बताए । हाल दुई वटा पिलर बनाइएको छ । एउटा पिलर निर्माणाधिन अवस्थामा छ । उक्त पुल ६ करोड बजेटको हो । ३० महिना निर्माण सक्ने गरि सुनसरी मोरङ पुल आयोजनाले एचएमलाई ठेक्का दिएको हो । तर आयोजना नै नरहेपछि सडक डिभिजन कार्यालय विराटनगरले तत्काललाई पुल आयोजना पूर्वी सेक्टर १ धरानलाई नै जिम्मेवारी दिएको ०७६ बैशाख ४ गते प्रकाशित ब्लाष्ट दैनिकमा उल्लेख छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**कतिपय स्थानीय तहहरुमा यो अवधि आर्थिक वर्षको अन्तिम चौमासिक भएकोले सिमीत कर्मचारी र पदाधिकारीबाट मनपर्दी खर्च गरिनुका साथै खर्चमा अपारदर्शिता भएको र कार्यपालिकाको निर्णयलाई समेत वेवास्था गरिएको जनाउँदै पालिकाका मेयर, उपमेयर र वडाध्यक्षहरुवीच मतभेद बढेको र केही ठाउँमा झडप समेत भएको पाईयो ।**

महोत्तरी जिल्लास्थित औरही नगरपालिकाको कार्यालयमा ०७६ असार ७ गते राती तोडफोड भएको छ । सो नगररपालिकाकी उपप्रमुख रेणु झाको नेतृत्वमा गएको एक टोलीले नगरपालिकाको कार्यालयमा रहेको योजना शाखा तथा प्रशासन फाँटमा रहेको दुई थान कम्प्युटर, दुई थान स्क्यान मेसिन, दुई थान प्रिन्टर, दुई थान मल्टिप्लग बोर्डमा तोडफोड गरे । इलाका प्रहरी कार्यालय गौशालाले दिएको जानकारी अनुसार सो दिन शनिबार साँझको समयमा कार्यालयमा कामकाज मनपर्दी रुपमा गर्दै आएको विरोधमा उपमेयर रेणु झाको नेतृत्वको टोलीले कार्यालयमा तोडफोड गर्नुपरेको उनले प्रतिक्रिया दिईन् । अन्य दिन कार्यालयमा उपस्थित नहुने कर्मचारी शनिबार काम गरेको भन्दै सोधपुछ गर्न खोज्दा विवादले उग्ररुप लिएको प्रहरी निरीक्षक किशोर आचार्यले बताए । यता कामको चापले गर्दा शनिबार पनि काम गर्नुपर्ने बाध्यता रहेको नगरप्रमुख सुनिलकुमार यादवको भनाई थियो ।

(१७ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)

जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिका बैठकमा कुर्सी हानाहान भएको छ । आर्थिक बर्ष २०६५।०७६ को आम्दानी र खर्च पार्दशी नगरेको, आर्थिक बर्ष २०७६।०७७ को लागि आएको कुल बजेट १ खर्ब २८ करोड ८५ लाख ६६ हजारको बाँड्फाँड गोप्य राखेको, नगरस्तरीय बजेट थुपारेर कार्यकर्ता पाल्ने खेलमा लागेको लगायतको आरोप लगाउँदै नेपाली काग्रेस र राष्ट्रिय जनता पाटी नेपालका साँत जना वडा अध्यक्षहरुले कुर्सी हानाहान तथा फालाफाल गरेका थिए । उनीहरुले कार्यपालिका बैठकमै नाराबाजी गर्दै मेयरलाई कालो झण्डा देखाएका थिए । कार्यपालिकामा ३४ सदस्यमध्ये नेपाली काग्रेसका पाँच ,राजपाका २ र बाँकी २७ जना नेकपाका सदस्यहरु रहेको ०७६ असार ८ गते प्रकाशित जनकपुर टुडेमा उल्लेख छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)

**प्रदेश नं. ३ मा सुकुम्वासीको नाममा जंगल वरपरको ऐलानी प्रति जग्गाहरुमा मानववस्ती बढेसंगै यस अवधिमा पनि चुरे जंगलको फडानी रोकिन नसक्दा जंगल अतिक्रमण हुनुका साथै चुरे क्षेत्र बिनासको क्रम बढदो रुपमा रहेको पाईयो ।**

प्रदेश नं. ३ को सिन्धुलीस्थित कमलामाई नगरपालिका-१४ को चन्दनपुर र दुधौली नगरपालिका-३ को झुंगा नजिक सुकुम्बासीका नाममा सयौं बिघा जंगल फँडानी गरेर बस्ती बसालिएको छ। स्थानीयका अनुसार दुई दशकअघिदेखि सुरु भएको फँडानी हुने क्रम अझै रोकिएको छैन। जंगल फँडानी भई मानवबस्ती बसेपछि चुरेक्षेत्र विनाश हुँदै छ। फँडानी हुने क्रम छँदै थियो तर एक दशकदेखि जग्गा हुनेहरूले समेत सडक छेउमा घर बनाउन पाइने लोभले सुकुम्बासी बनेर चुरे जंगल अतिक्रमण गरेका हुन्। चुरे क्षेत्रको जंगल अतिक्रमण गरेर खेती लगाउन पनि थालिएको छ। अतिक्रमित जग्गामा पक्की घरहरूसमेत बनेका छन्। कतिपय पक्की घरहरू निर्माणाधीन अवस्थामा रहेका छन्। धरान, चतरा, सिन्धुली हुँदै हेटौंडा जोड्ने मदन भण्डारी राजमार्गले सारिएको सडकलाई नै कायम गरी कालोपत्रे गर्न सुरु भएपछि सुकुम्बासीका नाममा अतिक्रमण गर्नेहरू उत्साहित हुन थालेको ०७६ जेठ ५ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ ।

**(१७ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ३)**

**प्रदेश नं. ३ को बिदुर नगरपालिकामा पानीको श्रोतमा दुईपक्षवीच बिबाद हुँदा भूईमा बिछ्याईएका पाएप नै एकपक्षले काटेर क्षति पुर्‍याए । सो बिबादले खानेपानी योजना नै अलपत्र भई स्थानीय बासिन्दा पिउने पानीबाट बन्चित हुनु परेको पाईयो । कर्णाली प्रदेशमा यस अवधिमा पनि खानेपानीको समस्या भएको पाईयो ।**

नुवाकोट जिल्लाको विदुर नगरपालिका १३ कल्याणपुरमा मुहान विवादले खानेपानीको पाइप काटिएको छ। घट्टेखोला मुहान गरी आमथाङको बाँझोगाउँमा पानी ल्याउन लागिएको थियो। उक्त पानीको मुहान विवाद थियो। खानेपानी योजनाको पाइपलाइन विभिन्न ठाउँमा पाइप टुक्राएर काटिएको वडाध्यक्ष दलबहादुर तामाङले बताए। खानेपानी विस्तार भएकै दिन क्षति उक्त क्षति पुर्‍याइएको हो। विदुर नगरपालिकाले एक लाख एक हजार रुपैयाँ लागतमा ०७६ बैशाख ३० गते ३२ एमएमको ९ सय मिटर पाइप बिच्छ्याइएको थियो। उक्त पाइप सोही दिन राति नै २५ भन्दा बढी टुक्रा बनाएर क्षति पुरयाएको वडा कार्यालयले जनाएको छ। उक्त क्षति पश्चात योजनामा विवाद गर्ने स्थानीय व्यक्तिमाथि अनुसन्धान गरिने प्रहरीले जनायो।

त्यसैगरी, विदुर नगरपालिका १२ स्थित मुलाबारी र खानीगाउँ बीचमा खानेपानीकै लागि ०७६ बैशाख ३० गते साँझ झगडा भएकोमा बैशाख ३१ गते दिउँसो जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच झगडा नगर्ने गरी मिलापत्र गरेको प्रहरीले जनायो । स्थानीयका अनुसार भट्टखोला मुहान हुँदै ल्याएको पानीमा मुलाबारीकाले ठाउँ नदिएको भन्दै खानीगाउँका स्थानीय कुटपिटमा उत्रेका थिए। उक्त ठाउँमा पानीको मुहान सुक्दै जान थालेपछि पानीको कमी भई दुई गाउँवीच पानीको निहुँमा झगडा परेको वडाध्यक्ष सीताराम अर्यालले बताए।

**(१७ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ३)**

कर्णाली प्रदेशको एक प्रमुख समस्याको रुपमा खानेपानी अभाव रहिआएको छ । जाजरकोटको कुशे गाउँपालिका-१ का बासिन्दा अझै पनि २ घण्टा हिंडेर पानी ल्याउन बाध्य छन् भने प्रदेश राजधानी सुर्खेतको वीरेन्द्रनगरमा पनि खानेपानीको अभाव देखिएको छ । यस अवधीमा जाजरकोटको रोकाया गाउँमा पनि खानेपानी अभाव देखिन थालेको छ ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

**गण्डकी प्रदेश अन्तर्गत फेवाताल किनारको अतिक्रमित क्षेत्र खाली गराउन सर्वोच्च अदालतले दिएको समयावधि बित्दा समेत अदालतको निर्णय कार्यान्वयन हुन सकेन । सर्वोच्च अदालतको आदेश अनुसार ०७६ साउन २ गतेभित्र फेवाकिनारको ६५ मिटर भित्रका सबै अवैध र अतिक्रमण गरेर बनाईएका संरचना हटाईनुपर्नेमा स्थानीय प्रशासनको वेवास्ताका कारण कार्यान्वयन हुन नसकेको स्थानीयको गुनासो रह्यो ।**

सर्वोच्च अदालतको आदेश अनुसार ०७६ साउन २ गतेभित्र फेवाकिनारको ६५ मिटर भित्रका सबै अवैध र अतिक्रमण गरेर बनाईएका संरचना हट्नुपर्ने हो । प्रदेश सरकार र स्थानीय सरकारलाई पूर्णपाठ प्राप्त भएको मितिका आधारमा सर्वोच्चको आदेश ६ महिनाभित्रै कार्यान्वयन गर्नु भन्ने आदेश थियो । तर, माघ २ गते पूर्णपाठ प्राप्त भएका मितिले ६ महिना बितिसक्दा पनि एकादुई नाममात्रका समिति गठन हुनुबाहेक फेवाताल संरक्षणमा कुनै ठोस योजना बनेन, अदालतको आदेश कार्यान्वयन हुन त परै जाओस । अवैध संरचना हटाउने जिम्मा प्रदेश सरकारलाई भएतापनि सीमांकनको अधिकार नभएको भन्दै प्रदेश सरकारले काम गर्न नसकेको जनाईएको छ । ६५ मिटरभित्रको जग्गाको स्वामित्व नेपाल सरकारको रहने हुँदा संघ सरकार नै तात्नुपर्ने प्रदेश मन्त्रालयस्तरमा गठित एक समितिका सदस्यलाई उदृत गर्दै ०७६ साउन १३ गते प्रकाशित ढोरपाटन दैनिक उल्लेखमा छ ।

## ५ - सङ्क्रमणकालीन न्याय / न्यायमाथिको पहूँच

**प्रदेश नं. १ का पूर्वी पाहाडि जिल्लाहरुमा फौजदारी अपराधका घटनाहरुमा बृद्धि हुन थालेको जिल्ला तथा उच्च सरकारी वकीलको कार्यालयको तथ्यांकले देखाएको छ । प्रहरी र अदालतमा आउने घटनाहरुमध्ये पनि जवर्जस्ती करणीका मुद्दाहरु बढी देखिएको तथ्यांकमा उल्लेख छ ।**

प्रदेश नं. १ को पूर्वी पहाडी जिल्लामा फौजदारी अपराध बढ्दै गएको छ । अदालत र प्रहरीमा आउने अधिकांश मुद्दा फौजदारी अपराधका हुने गरका छन् । जिल्ला तथा उच्च अदालत इजलासमा दर्ता भएका धेरैजसो मुद्दा फौजदारी अपराध अन्तर्गतको रहेको उच्च सरकारी वकील कार्यालयले जनाएको छ । उच्च सरकारी वकिल कार्यालयका सहन्यायधिवक्ता घनश्याम ओझाका अनुसार गाउँघरमा आधुनिकीकरणका कारण अपराधका शृङ्खलाले विभिन्न रूप लिन थालेको छ । उनले समाजका मूल्य मान्यता र विकासको अवधारणा परिवर्तन हुन थालेपछि समाजमा विकृति बढ्दै गएको र दैनिक रूपमा अपराध बढेको बताए । प्रदेश नं. १ अन्तर्गतकै उच्च अदालत ओखलढुंगा इजलासमा दर्ता भएका कुल ६ सय ५४ मुद्दामध्ये सरकारवादी फौजदारी अपराधका ३ सय ६८ र दुनियाँवादी फौजदारी ५३ गररे जम्मा ४ सय २१ फौजदारी अपराधका छन् । प्रतिशतका हिसाबले यो ६४ प्रतिशत हो । फौजदारीमध्ये बढीजसो जबर्जस्ती करणीको मुद्दा रहेको उच्च अदालतका न्यायधीश शालिग्राम कोइरालाले बताए । खोटाङ, सोलुखुम्बु, उदयपुर र ओखलढुंगा कार्यक्षेत्र रहेको उच्च अदालतमा जबर्जस्ती करणी, ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान र लागूऔषधका मुद्दा धेर दर्ता भएको अदालतले जनाएको ०७६ श्रावण ९ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**गण्डकी प्रदेशमा यस अवधिमा इन्सेकक्ले सार्वजनिक गरेको मानवअधिकार अवस्थाको ६ महिने तथ्यांक अनुसार मानवअधिकारको अवस्था सरल हुनुको साटो अझ जटिल हुँदै गएको छ ।**

गण्डकी प्रदेशको कास्कीमा सन् २०१९ को पछिल्लो ६ महिनायता मानव अधिकारको अवस्था सन्तोषजनक नदेखिएको तथ्यांकले देखाएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले हरेक वर्ष पुस्तक प्रकाशनका लागि ०७६ असार १२ गते सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । सो दिन आयोजित अर्धवार्षिक पूर्वसमीक्षाका क्रममा कास्कीमा सन् २०१९ जनवरीदेखि जुनसम्ममा राज्यपक्षबाट ६१ जना पीडित भएको जनाईएको हो । यस अवधिमा २४ जना विप्लव नेतृत्वको नेकपाका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको छ इन्सेक पोखराको जुनसम्मको प्रतिवेदनले जनाएको छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

## ६ - प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती/ द्वन्द्व

**यस त्रैमासिक अवधिमा नेपालमा जलबायु मनसुनमा आएको परिवर्तनसंगै प्रदेश नं. १ को पूर्वी पाहाडि भूभागहरु र गण्डकी प्रदेशका कतिपय स्थानहरुमा बाढी र पहिरोबाट प्रभावित भएको पाईयो । बाढी र पहिरोका कारण यस अवधिमा मात्रै दर्जनौको ज्यान गयो भने हजारौको संख्यामा बिस्थापन भए । कतिपय पालिकाका वस्तीहरु अझै पनि बाढी र पहिरोको जोखिमले अतिसंकटासन्न अवस्थामा रहेका छन् ।**

**ओखलढुंगा**को सिद्धिचरण-८ सल्लेरीमा पहिरोका कारण बस्तीनै जोखिममा पर्न थालेको छ । सो ठाउँमा लिपे खोलाको कटानका कारण २६ वर्षअघि पहिरो जान थालेको थियो । आधा दर्जनभन्दा बढी परिवार विस्थापित भइसकेका छन् भने नियन्त्रण गर्न नसकिएको अवस्थामा ५६ परिवार अझै विस्थापित हुने अवस्थामा पुगेका छन् । स्थानीय वडाध्यक्ष हेम तामाङका अनुसार ४० घर तिलखोरिया पहिरोको जोखिममा छन् । स्थानीय प्रयासमा मात्रै पहिरो नियन्त्रण सम्भव नभएको उनले बताए । जिल्लामा कुल १ सय ४६ वटा पहिरो नियन्त्रणबाहिर छन् । त्यस्तै सिद्धिचरण नगरपालिका, वरुणेश्वर, माम्खा, मोलीलगायत स्थानमा ठूला पहिरोले ५ सयभन्दा बढी हेक्टर जमिन बगाइसकेको छ । जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार २२ बस्ती उच्च जोखिममा छन् । मध्यम जोखिममा १४ र सामान्यमा तीन बस्ती छन् ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

**तेह्थुम**मा १५ गाउँ जोखिममा रहेको विभिन्न अध्ययनले देखाएको छ । जथाभावी खनिएका सडक, वन फँडानीलगायत कार्य पहिरोको मुख्य कारक रहेको प्रमुख जिल्ला अधिकारी लक्ष्मीदेवी हुमागाईंले बताईन् । उनका अनुसार जिल्लामा २ सय घर जोखिममा छन् । मध्यपहाडी लोकमार्गको तेह्रथुम खण्ड आसपासका दर्जन परिवार पहिरोले विस्थापित हुने अवस्थामा पुगेको फेदाप-१ का वडाध्यक्ष गोविन्द मादेम्बाले बताए ।

**धनकुटा** साँगुरीगढी-६ नाम्जेनजिकै मझुवा र मुक्तेन गाउँमा पहिरोले सय परिवारको जग्गा बगाएको छ । एक दर्जन परिवार बसाइँ गएको वडाध्यक्ष यामकुमार राईले बताए । धनकुटा-२ भीरगाउँका ४० परिवार जोखिममा छन् । केहीले घर छाडेको

स्थानीय टंकबहादुर दाहालले बताए । धनकुटाका दुई दर्जन स्थान जोखिममा छन् । महालक्ष्मी मच्छेबुङमा २२ परिवार जोखिममा रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालय धनकुटाका भूसंरक्षण सहायक भक्त कार्कीले बताए । उनका अनुसार छथरजोरपाटी-६ घांगे टोलका ३५ परिवार जोखिममा छन् ।

**भोजपुरमा** जथाभावी सडक खन्ने क्रम बढेपछि समस्या देखिएको छ । षडानन्द-१ नेपाले डाँडामा गत साउन २८ गते सडक पहिरोले बगाएपछि बालुवानीका १६ घरधुरी जोखिममा परे । भोजपुर-४ सिद्धेश्वर कात्तिकेमा पहिरोले २१ घर बगायो । स्थानीयवासी आसपासका गाउँतिर स्थानान्तरण भए । जिल्लामा ४ सयको संख्यामा कच्ची सडक खनिएका छन्। घरबार गुमाएका पीडितलाई राहत र उद्धारको व्यवस्थाबाहेक केही गर्न नसकिएको प्रमुख जिल्ला अधिकारी नूरहरि खतिवडाको भनाइ छ ।

**पाँचथर**मा ९० घरपरिवार पहिरोको जोखिममा छन् । अघिल्लो वर्ष १ सय ६९ घर प्रभावित भएका थिए । प्रमुख जिल्ला अधिकारी मुरारी वस्तीका अनुसार फालेलुङको एकतिनलाई उच्च जोखिम क्षेत्रका रूपमा लिइएको छ । यहाँका ३४ परिवार समस्यामा छन् । फिदिमको नांगिनका १९, चोकमागुका १०, इम्बुङका दुई, मिक्लाजुङ गाउँपालिका सराङडाँडाका १७ घर, याङवरकको च्याङथापुका ८ परिवार जोखिममा रहेको वस्तीले बताए ।

**इलाम**को इलाम नगरपालिका-१२ साङरुम्बाको सटके पहिरोका कारण पाँच गाउँका बासिन्दा जोखिममा छन् । वडाध्यक्ष लाखमान लिम्बूका अनुसार २०१५ सालदेखिको पहिरोले सय परिवार विस्थापित भइसकेका छन् । ३५ परिवार अझै समस्यामा छन् । यसको रोकथामका लागि जलउत्पन्न प्रकोप नियन्त्रण प्रदेश कार्यालय विराटनगरले १ करोड खर्च गरेको भएता पनि पहिरो उस्तै रहेको लिम्बूले बताए । त्यस्तै माङसेबुङ गाउँपालिका अध्यक्ष डिकेन्द्र इदिंगोका अनुसार चुरे क्षेत्रको माङसेबुङमा सयभन्दा बढी पहिरो छन् । यहाँको इभाङ पहिरोले वर्षौंदेखि दुःख दिँदै आएको छ । 'चुरेमा मानव बस्ती विस्तारसँगै थपिएको बाटोले पहिरो बढाएको हो ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

मनसुनसँगै गण्डकी प्रदेशका जिल्लामा बाढीपहिरो जाने क्रमम पनि बढदो छ । यस प्रदेशको पर्वतमा ०७६ असार ५ गतेदेखि परेको अविरल वर्षासंगै केही घरहरुमा क्षति समेत हुन पुगेको छ । लमजुङ र मनाङ जोड्ने मोटरबल पुल बगेको छ । कास्कीको मादी नदीमा निर्माणाधीन पुल पनि बाढीले बगाएको छ । बाढी पसेर पर्वतको पैयुँ गाउँपालिका-४ का ९ घरमा क्षति पुगेको छ । स्थानीय गेउदीखोलामा आएको बाढी धरमपानी-पैयुँकोट सडकको बाटो हुँदै बस्तीमा पस्दा जनजीवन नै त्रसित हुन पुगेको पाईयो । उता एक वर्षअघि मात्रै निर्माण गरिएको लमजुङ र मनाङ जोड्ने म्यार्दीखोला बेलिब्रिज पनि यस सययममा आएको बाढीले बगाएको छ । बेसीसहर-चामे सडकको एकमात्र सडक मार्गमा पर्ने पुल बगाएपछि मनाङसँगको सडक सम्पर्क टुटेको छ । कास्कीको मादी गाउँपालिका-३ र ७ वडा जोड्ने ज्याम्दुस्थित मादी नदीमाथि निर्माणाधीन पुल पनि अविरल वर्षासंगै नदीमा आएको बाढीले बगाएको छ । मृतसञ्जीवनी निर्माण सेवा हेटौंडाको लापरबाही र ढिलासुस्तीले २०७४ असार मसान्तभित्रै बनिसक्नुपर्ने पुल अहिले ५० प्रतिशत पनि बनेको थिएन । त्यही पनि बाढीले बगाइदिएपछि झनै समस्या भोग्नुपर्ने अवस्था आएको मादी गाउँपालिका अध्यक्ष वेदबहादुर गुरुङले बताए ।

(१७ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

**प्रदेश नं. २ मा यस अवधिमा हावा हुरीबाट मानवीय क्षतिका साथै माटो र परालका घरहरु भत्किदा कतिपय परिवारहरु घरवारविहीन भए । रौतहट र सर्लाहीमा हावा हुरीले घर भत्किदा व्यक्तिको ज्यान समेत गएको पाईयो । मृतक परिवार र घरबारविहीन भएकाहरुले सरकारवाट उचित राहत र क्षतिपूर्ति पाउन नसकेको उनीहरुले गुनासो गरे । बारा र पर्सामा गतवर्ष हावाहुरीबाट घरबारविहीन भई बिस्थापनमा परेका पीडितहरुले निर्माण हुने घरमा कटौती गरिएको जनाउँदै संकलित नामहरु नहटाईन माँग राखी स्थानीय प्रशासनमा धर्ना दिए ।**

प्रदेश नं. २ अन्तर्गत रौतहटको देवाही गोनाही नगरपालिका-३ देवाहिटोलमा ०७५ चैत २५ गते बिहान हावाहुरीबाट एक महिलाको मृत्यु भएको छ । हावाहुरीमा धनेशराम चमारकी श्रीमती ६६ वर्षीया रमसखरीया देवीरामको मृत्यु भएको हो । उडाएको घरको टाली खसेर उनको मृत्यु भएको प्रहरीले जनायो । हावाहुरीसँगै आएको असिना पानीले स्थानीयका घरको छाना उडाउनुका साथै केहीको क्षति समेत भएको तर पीडित परिवारले राहत र क्षतिपूर्ति भने पाउन नसकेको ०७५ चैत २६ गते प्रकाशित जनकपुर टुडेमा उल्लेख छ ।

(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

त्यसैगरि सर्लाहीको रामनगर गाउँपालिका-१ मा ०७६ चैत २२ गते दिउँसो हावाहुरीले घर भत्केर स्थानीय ४५ वर्षीय पनिलाल सहनीको मृत्यु भयो । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक प्रतीत सिंह राठौरका अनुसार बाटोमा हिडिरहेका बेला अचानक घर भत्किएर किच्दा सहनीको मृत्यू भएको हो । स्थानीय राजाराम चौधरीको घरमा लगाएको बाँसको बेरा भत्किएर किच्दा सहनीको मृत्यु भएको नायव उपरीक्षक सिंहले बताए ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

प्रदेश नं. २ अन्तर्गत बारामा हुरी पीडितहरुले निर्माण हुने घर कटौती गरेको भन्दै ०७६ जेठ ३० गते जिल्ला प्रशासन कार्यालय बारा घेराउ गरे । सुवर्ण गाउँपालिका-४ हर्दियाका हुरीपीडितले निर्माण हुने घर कटौती गरेको विरोधमा जिप्रका घेराउ गरेका हुन् । सुवर्ण गाउँपालिकामा धर्ना दिनुका साथै वडा कार्यालयमा तालाबन्दी गरे पनि कुनै सुनुवाइ नभएपछि उनीहरूले प्रमुख जिल्ला अधिकारीको विरोधमा प्रदर्शन गरिनुका साथै प्रशासन कार्यालय घेराउ गर्नु परेको पीडित परिवारले बताए । हुरीपीडित अशोक यादवले हुरीबाट क्षति भएका एक सय ४३ घर निर्माण गर्न मन्त्रिपरिषद्बाटै निर्णय भएता पनि पछि आएर केही पीडितको निर्माण कटौती गरिएको थाहा पाएपछि पीडित परिवार बिरोधमा उत्रिएका हुन् । कटौटी पश्चात ५८ पीडित परिवारको मात्र घर निर्माण गरिने प्रशासनले जनाएको थियो । बिरोधपछि स्थानीय तह र प्रशासनसंगको सहमतिमा थप २२ परिवारको घर निर्माण गरिने सहमति भएको थियो ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

**महाभूकम्पको चार वर्ष बितिसक्दा पनि नुवाकोटमा भत्किएका स्वास्थ्य संस्थाको भवन अझै पुरा हुन सकेको छैन । स्वास्थ्य संस्थाको भवन निर्माणमा भएको ढिलाईले स्थानीयले पाउने प्रभावकारी स्वास्थ्य सेवामा समेत असर परिरहेको स्वास्थ्यकर्मीहरुको गुनासो रह्यो । उक्त जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद औषधालय गरी ४२ वटा संरचनाहरु निर्माणाधीन अवस्थामा रहेको पाईयो ।**

***नुवाकोटमा*** भूकम्पको चार वर्ष बितिसक्दा पनि त्यसबेला भत्किएका स्वास्थ्य संस्थाका भवन यस त्रैमासिक अवधिको अन्तसम्म पनि पुनर्निर्माण हुन सकेन । भूकम्पले ढलेका स्वास्थ्य संस्थामा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद औषधालय गरी ४२ वटा संरचना छन् । अधिकांशका भवन दाताले बनाइदिने भनेर पर्खिंदा ढिला भएको हो। अधिकांश डिजाइनमा सीमित छन् भने कतिपयको जग्गा प्राप्तिका प्रक्रियाबाट काम अघि बढेको छैन। भारतीय दूतावासमार्फत बनाइदिने भनिएका स्वास्थ्य चौकीहरू २७ वटा छन्। १३ वटा स्वास्थ्य चौकी डिजाइन स्वीकृत भएर बोलपत्र आह्वानको क्रममा छन् भने १४ वटाको डिजाइन भएर आउन बाँकी नै रहेको पाईएको छ। भारतीय दूतावासमार्फत बनाएर बोलपत्र आह्वान गर्ने भनिएका स्वास्थ्य चौकीहरू बुङताङ, रालुकादेवी, तारुकाजोर, बुधसिङ, गाउँखर्क, बेतिनी, लच्याङ, मदानपुर, बेलकोट, छाप, थानापति, लिखु र सूर्यमति रहेको सहरी तथा भवन डिभिजन कार्यालयले जनाएको ०७६ जेठ १९ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

**भूकम्पपछिको पहिरोको जोखिममा रहेका रसुवाका भूकम्प पीडित अझै पुर्नस्थापित हुन सकेका छैनन् । जिल्लाका करिव ७० स्थानहरुबाट बिस्थापित भएका पीडितहरु पुर्नवासका लागि उचित व्यवस्थापन हुन नसक्दा पुर्ख्यौली गाउँ छाडेर छिमेकको जिल्ला स्थानहरुमा कष्टकर रुपमा जीवनयापन गर्न बाध्य छन् ।**

***रसुवामा*** भूकम्प गएको चार वर्ष पूरा हुँदा समेत जोखिमयुक्त बस्तीमा परेका साविकको हाकु र डाँडागाउँ गाविसका भूकम्पपीडित अझै पुनर्स्थापित हुन सकेका छैनन्। थातथलोमा पहिरो गएपछि आफ्नो पुर्ख्यौली गाउँ छाडेर उनीहरू जिल्लाको विभिन्न स्थान र छिमेकी जिल्ला नुवाकोटमा बसोबास गर्दै आएका छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले रसुवा जिल्लाको जोखिमयुक्त बस्तीमा परेका १ हजार २० परिवारको नाम लाभग्राही सूचीमा प्रकाशन गरेको छ। त्यसमध्ये यस त्रैमासिक प्रतिवेदनको अवधिसम्म ५ सय ५७ परिवारले २ लाख बुझेर पुनर्बास प्रक्रिया पूरा गरेका छन्। स्थानान्तरणका लागि बाँकी रहेका ४ सय ६३ परिवारको अझै टुंगो लागेको छैन। जिल्लाको नैकुण्ड, उत्तरगया, आमाछोदिङ्मो गाउँपालिकामा विस्थापितहरू छन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको भौगर्भिक अध्ययनले जिल्लाका ७० स्थानका बस्ती जोखिमयुक्त देखाएको ०७६ बैशाख १३ गते प्रकाशित कान्तिपुर दैनिकमा उल्लेख छ।

**(१७ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

**कर्णाली प्रदेशमा भने यस समीक्षा अवधिमा भारी हिमपातका कारण जनजीवन कष्टकर भएको पाईयो । हिमपात र असिनाले तरकारी र फलफूल नष्ट भएपछि स्थानीय मारमा परेका हुन् । बाढी र पहिरो जस्ता प्राकृतिक बिपद्मा परेका पीडित परिवारहरुको लागि भने प्रदेश सरकारले यस वर्ष राहत बजेट बिनियोजना गरेको पाईयो ।**

कर्णाली प्रदेशमा यस अवधीमा भारी हिमपात हुँदा असिनाले तरकारी र फलफूल नष्ट गरेको छ । खेती स्याहार्ने बेला आउने यस्तो असिनाले खाद्यान्न संकट निम्त्याउँछ । यसै अवधीमा यस प्रदेशका केही भागमा डढेलो लागेको छ । डढेलोको कारण पनि धनजनको क्षति भएको छ । असिनाका कारण हिमाली जिल्लामा उत्पादन हुने स्याउमा क्षति पुगेको स्थानीय संचारमाध्यमहरुमा जनाईएका छ । यस समीक्षा अवधिमा सुर्खेतका बाढीपीडितलाई विस्थापित भएको ४ बर्षपछि कर्णाली प्रदेश सरकारले ३१ करोड रुपैया राहत दिने निर्णय गरेको छ । ०७५ चैत २६ गते बसेको मन्त्रिपरिषद बैठकले उक्त निर्णय

गरेको हो । बाढीले घरबास लगेपछि उनीहरु हालसम्म सुर्खेतको सदरमुकाम लगायत विभिन्न स्थानमा पालमुनी बस्दै आएका छन् ।

(१७ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)

## ७ - प्रवृत्ति

- स्थानीय तहमा लामो समयदेखि भएको कर्मचारी अभावले दैनिक जसो हुने सेवा प्रवाहमै असर परिरहदा जनताले भोग्ने कठिनाईको बितृष्णा स्थानीय सरकारमै पर्ने हुँदा यथाशिघ्र कर्मचारीको व्यवस्थापन गरि प्रभावकारी सेवा प्रवाहमा जोड दिईन अपरिहार्य छ ।
- स्थानीय, प्रदेश र संघीय सरकारवीचको प्रभावकारी रुपमा समन्वय हुन नसक्दा राजनीतिक स्थायीत्व र प्रभावकारी विकासमा समेत असर पर्ने भएकोले संघीयताको सफल कायान्वयका लागि तीनै तहका सरकारवीच समन्वय आवश्यक देखिन्छ ।
- कर्णाली प्रदेश लगायत अन्य प्रदेशका स्वास्थ्य संस्थाहरुमा भौतिक संरचनाको अभावका साथै दक्ष चिकीत्सक र औषधीको अभावले स्वास्थ्य उपचारका लागि पुग्ने बिरामीहरु थप प्रताडिन हुन नदिन स्वास्थ्य जस्तो संवेदनशील बिषयमा सरकार गंभीर हुनपर्ने देखिन्छ ।
- यस अवधिमा पनि भ्रष्टाचार तिव्र रुपमा बढेको र त्यसमा पनि स्थानीय सरकार भ्रष्टाचारको आरोपबाट अझ बढी बदनाम हुदै गएकोले यसतर्फ स्थानीय जनप्रतिनिधि सजग हुन र सरकार गंभीर भई यसतर्फ ध्यान दिन अपरिहार्य छ ।
- अपराधिक घटना तिव्र हुँदा सुरक्षा संयन्त्रप्रतिनै नागरिकको प्रश्न उठ्नु स्वाभाविक भएकोले अपराध नियन्त्रणका लागि बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।
- यस अवधिमा पनि लैंगिक हिंसाका घटनाहरु व्यापक रुपमा भएको सार्वजनिक जानकारीमा आएकोले यसको निराकरणका लागि जनचेतना अभिबृद्धिका साथै कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।
- बिप्लव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टीका कार्यकर्ताहरुद्वारा भईरहेका हिंसात्मक गतिविधि र सरकाद्वारा उक्त पार्टीका कार्यकर्ताहरुको तिव्र गिरफ्तारी र हत्याको घटनाहरुले पुनः हिंसात्मक द्वन्द्व नबढला भन्न सकिन्न । तसर्थ वार्ता र सम्बादको माध्यमबाट शान्तिपूर्ण रुपमा राजनीतिक निकास खोजिन जरुरी देखिन्छ ।
- भूकम्प पीडितहरुले अझै सहज रुपमा राहतको अनुभूति गर्न नसकेकोले सरकारप्रति नै पीडितहरुको रोष बढदो छ । स्वास्थ्य केन्द्रहरुको संरचना नबनिदा अस्पताल पुगेर स्वास्थ्य लाभ पाउने बिरामीहरु थप मारमा पर्नु स्वाभाविकै छ । यसर्थ स्वास्थ्य जस्तो गंभीर सवालमा तदारुकताका साथ काम सम्पन्न गरि स्वास्थ्य केन्द्र संचालन गरिने कार्यमा सम्बन्धित निकायद्वारा जोड दिन अपरिहार्य देखिन्छ ।
- प्रदेश नं. २ मा हावाहुरीबाट प्रभावित भई घरवार बिहीन भएका व्यक्तिहरुलाई पुर्ननिर्माणमा सहयोग र कर्णाली प्रदेशमा हिमपातबाट प्रभावितहरुका लागि सरकारद्वारा उचित राहत र व्यवस्थापन गर्न जरुरी देखिन्छ ।

१७ औं EWER त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । प्रदेश नम्वर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) कि यसोधा सुव्वा, प्रदेश नम्वर २ मा नेपाल मधेश फाउण्डेशन (नेमाफ) का नन्दकुमार साह, प्रदेश नम्वर ३ मा पत्रकार रुद्र पंगेनी, गण्डकी प्रदेशमा पत्रकार रामेश्वर बोहरा, प्रदेश नम्वर ५ मा मधेश मानवअधिकार गृह (माहुरी होम) का बसन्त बन्जाडे, कर्णाली प्रदेशमा मध्यपश्चिमाञ्चल विश्वविधालय सुर्खेतका कमलराज लम्साल र सुदूरपश्चिम प्रदेशमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको बिवरण संकलन र बिश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने, **प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल र अनुराग आचार्यले** गर्नुभएको छ ।